वर्ष ९, अंक ३२५, पृष्ठ १२+४+४, शुक्रबार, ९ चैत २०७४, चैत्रशुक्लपक्ष षष्ठी, Friday 23 March 2018, नेपाल संवत् ११३८, मूल्य- १०/-

नेपाल रिपब्लिक मिडिया

नागरिक

काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

nagariknews.com

दैनिक

काष्ठमण्डप दुई दशकपछि चुनिएका स्थानीय जनप्रतिनिधि नै बालुवा, रोडा र ढुंगाको अवैध निकासीमा लाग्न थालेका छन्।

ख क्रसर र फिरफिरे सञ्चालनमा नयाँ मापदण्ड

१२ पहिलो इनिङमा न्युजिल्यान्ड हाबी

पिजीमा चर्को शुल्क असुल्न छुट दिने खेल

दीपक दाहाल

काठमाडौं, चैत ८

चिकित्साशास्त्र स्नातकोत्तर तह (पिजी) मा सरकारले तोकेको शुल्क लागू गर्न अटेरी गर्दै आएका मेडिकल कलेजलाई यो वर्ष पनि चर्को शुल्कमै पढाउने छुट दिन त्रिभुवन विश्वविद्यालयका पदाधिकारी लागेका छन्।

डा. गोविन्द केसीसँगका सम्झौता र सोही आधारमा सरकारले तोकेको पिजी शुल्क लागू गर्न गत कात्तिकमै पत्राचार गरे पनि त्यसलाई लत्याएर बढी शुल्क लिने खेल सुरु भएको हो। मन्त्रिपरिषद्ले २०७२ भदौ ३१ मा एमबिबिएस तहको शुल्क ४१ लाख र पिजी तहको शुल्क २३ लाख रूपैयाँ तोकेको थियो।

प्रधानमन्त्री अध्यक्ष रहने चिकित्सा शिक्षा आयोगको माघ २२ को बैठकले समेत गत वर्षकै निर्णयअनुसार सिट संख्या र शुल्क तोक्ने निर्णय गरेको थियो। सो आधारमा दुवै (त्रिवि र काठमाडौं) विश्वविद्यालयलाई पत्राचार र निर्देशनसमेत भइसकेको आयोगका सचिव लालचन्द चौहानले बताए।

> सरकारले पिजीको शुल्क २३ लाख रूपैयाँ तोके पनि कलेजहरूले कम कोटा र बढी बजार हुने रेडियोलोजी, सर्जरी, न्युरोलोजीजस्ता विषयमा करोडभन्दा बढी र अन्य विषयमा ६० लाखदेखि ८० लाख रूपैयाँसम्म शुल्क असुल्छन् ।

पिजीतर्फ काठमाडौं विश्वविद्यालयले सरकारले तोकेको २३ लाख रूपैयाँ शुल्क कायम गरेको छ। तर त्रिवि कार्यकारी परिषद्ले गत वर्ष नै सो शुल्क सीमा उल्लंघन गरेको थियो। यो शैक्षिक वर्षका लागि पिजी प्रवेश परीक्षा मिति चैत १७ गतेका लागि तोकिएको छ।

त्रिवि, चिकित्साशास्त्र अध्ययन संस्थान (आइओएम) कार्यकारी परिषद्ले समेत सरकारी निर्णयविपरीत गत वर्षका पिजीका लागि २७ लाख रूपैयाँ शुल्क तोक्न सिफारिस गरेको थियो। तर त्रिविले नयाँ समिति बनाएर ३१ लाख रूपैयाँ शुल्क निर्धारण गरेको थियो।

बाँकी पृष्ठ ४

चक्रपथमा मोनोरेल

मलेसियाली टोली काठमाडौंमा

नागरिक संवाददाता

काठमाडौं, चैत ८

काठमाडौंको चक्रपथमा मोनोरेल सञ्चालन गर्न मलेसियाली रेल कम्पनीले चासो देखाएको छ। मोनोरेल सञ्चालनबारे छलफल गर्न मलेसियाली कम्पनी पावरट्रेकका अधिकारी नेपाल आएका छन्।

उनीहरूले नेपाली लगानीकर्तासँग मिलेर काठमाडौं मोनोरेल प्रालि नामक कम्पनी गत माघमै स्थापना गरिसकेका छन्। मोनोरेल सञ्चालनबारे छलफल गर्न यति बेला कम्पनीका अध्यक्ष डा. अमिनुद्दिन अदनान, कर्पोरेट डाइरेक्टर हेन्री जुड, निर्देशक सिएस सेल्भाराजाका साथै बेलायती लगानी कम्पनी एन्जल इन्भेस्टमेन्टका मलेसियाली कन्सलट्यान्ट अल्बर्ट पेरियानागाम काठमाडौंमा छन्।

सो टोलीले बुधबार राति प्रधानमन्त्री केपी शर्मा ओलीसँग भेट गरेर परियोजनाबारे जानकारी गराएको। 'बुधबार राति अबेरसम्म मलेसियाली टोलीले प्रधानमन्त्रीसँग बालुवाटारमा छलफल गरेको छ,' भेटमा संलग्न एक अधिकारीले भने, 'प्रधानमन्त्रीले उहाँहरूको प्रस्तावलाई सकारात्मक रूपमा लिनुभएको छ।'

उनले छलफल सकारात्मक रूपमा अघि बढेको भन्दै बीचमा कुनै व्यवधान आएन भने शुक्रबार नै विस्तृत परियोजना प्रतिवेदन निर्माण गर्न सम्झौता हुन सक्ने सम्भावना रहेको बताए।

टोलीले शुक्रबार लगानी बोर्डका प्रमुख कार्यकारी अधिकृत महाप्रसाद अधिकारीसँग छलफल गर्ने कार्यक्रम छ। प्रधानमन्त्री ओलीसँगको भेटमा पावरट्रेकमा अध्यक्ष अदनानले चार वर्षमै सञ्चालनमा ल्याउने गरी काम गर्ने प्रतिबद्धता व्यक्त गरेको अधिकारीहरूले बताए। 'प्रधानमन्त्री ओलीले समय तोकेर काम गर्ने र निर्धारित समयमा काम नभए ठेक्का टर्मिनेट हुन गरी काम गर्नुपर्ने बताउनुभएको छ,' एक अधिकारीले भने।



चक्रपथमा साढे २८ किमि लामो डबल ट्र्याकको मोनोरेल निर्माण गर्ने योजना छ, जसको लागत ८० अर्ब रूपैयाँ हुने अनुमान छ ।

प्रधानमन्त्रीसँग भएको छलफलमा प्रदेश ३ का मुख्यमन्त्री डोरमणि पौडेल, एमालेका उपमहासचिव विष्णु पौडेल, पुनर्निर्माण प्रधिकरणका पूर्वकार्यकारी अधिकृत सुशील ज्ञवालीसहित सहभागी थिए।

मलेसियाली टोलीले ललितपुर उपमहानगरपालिकाका मेयर चिरिबाबु महर्जन, लगानी बोर्डका अधिकारीसहित विभिन्न अधिकारी तथा नेताहरूसँग भेट गरी यस विषयमा छलफल गरेको छ। 'पहिलेदेखि नै यस विषयमा छलफल हुँदै आएको हो। बिहीबार मलेसियाली अधिकारीहरू आउनुभएको थियो। रेलको प्राविधिक क्षमता र वित्त व्यवस्थापनबारे जानकारी गराउनुभयो', महर्जनले नागरिकसँग भने।

चक्रपथमा साढे २८ किमि लामो डबल ट्र्याकको मोनोरेल निर्माण गर्ने योजना छ, जसको लागत ८० अर्ब रूपैयाँ लाग्ने अनुमान छ।

सो कम्पनीले प्रधानमन्त्रीलाई गराएको जानकारीअनुसार मोनोरेलको गति बढीमा असी किलोमिटर प्रतिघण्टा हुनेछ। आठ सय मिटरदेखि साढे एक किमिको अन्तरमा रहनेगरी १७ वटा स्टेसन राखिनेछ। प्रारम्भिक अध्ययनअनुसार प्रतिकिलोमिटर निर्माण लागत २ अर्बदेखि ३ अर्ब रूपैयाँसम्म लाग्ने देखिएको छ। जमिनबाट १४ फिट उचाइमा गुड्ने मोनोरेलले दैनिक १ लाख ५० हजार यात्री बोक्नेछ। १२ देखि १५ वर्षमा लगानी उठाउने लक्ष्य लिएको कम्पनीले ३० वर्षपछि परियोजना सरकारलाई हस्तान्तरण गर्नेछ।

सरकारी सुविधा दुरूपयोग गर्नेमाथि कारबाही

सुरेन्द्र पौडेल

काठमाडौं, चैत ८

गृह मन्त्रालयले बहालवाला तथा सेवानिवृत्त पदाधिकारीले कानुनविपरीत लिँदै आएको सरकारी सुविधा फिर्ता गर्न छानबिन थालेको छ। प्रधानमन्त्री केपी शर्मा ओलीले बहालवाला तथा सेवानिवृत्त पदाधिकारीले कानुनविपरीत प्रयोग गर्दै आएको सुविधा सात दिनभित्र फिर्ता गर्न निर्देशन दिएलगत्तै गृहले छानबिन अघि बढाएको हो। कानुनविपरीत बहालवाला तथा सेवानिवृत्त पदाधिकारीले सेवासुविधा प्रयोग गर्दा राज्यलाई बर्सेनि करोडौं रूपैयाँ आर्थिक भार पर्दै आएको छ।

प्रधानमन्त्री ओलीले बुधबार संघीय सरकारका मन्त्रीसहित प्रदेश सरकारका मुख्यमन्त्रीको बैठकमा उक्त निर्देशन दिएका थिए। सातवटै प्रदेशका मुख्यमन्त्री तथा संघीय सरकारका रक्षामन्त्री ईश्वर पोखरेल, गृहमन्त्री रामबहादुर थापा, अर्थमन्त्री डा. युवराज खतिवडा, कानुन र न्याय तथा संसदीय मामिला मन्त्री शेरबहादुर तामाङ उपस्थित सो बैठकमा प्रधानमन्त्रीले बहालावाल तथा सेवानिवृत्त पदाधिकारीहरूले कानुनविपरीत सरकारी सेवासुविधा प्रयोग गर्दै आएको भन्दै चिन्ता व्यक्त गरेका थिए।

बैठकमा ओलीले बहालवाला तथा सेवानिवृत्त पदाधिकारीले खासगरी सुरक्षाकर्मी र गाडीको दुरूपयोग गरिरहेको बताउँदै अनधिकृत सुविधा तत्काल फिता गर्न भनेका थिए। 'कुनै पनि बहालवाला वा सेवानिवृत्त पदाधिकारीले कानुनविपरीत सरकारी सेवासुविधा प्रयोग गरिरहेको भए छानबिन गरी सात दिनभित्र फिर्ता गर्नुहोस्,' ओलीले बैठकमा गृहमन्त्रीलाई निर्देशन दिएका थिए।

सरकारले भ्रष्टाचारमा शून्य सहनशीलताको नीति लिएको जनाउ दिँदै ओलीले नियमविपरीत कसैले सरकारी सुविधा दुरूपयोग गरेको पाइए कारबाही हुने बताए। भ्रष्टाचार नियन्त्रणको सुरुवात आफैंबाट गर्न उनले मन्त्रीहरूलाई सुझाएका थिए। 'भ्रष्टाचारी सम्मानित भएको इतिहास कुनै दुनियाँमा छैन। भ्रष्टाचारी शासकले मृत्युपछि आफ्नो भूमिमा शव राख्नसमेत पाएका छैनन्। आफ्नै सन्तानले पनि भ्रष्टाचारी अभिभावकको नाम लिन हीनताबोध गर्छन्। सुशासन कायम गर्न आफ्नो व्यवहार, कार्यशैली स्वच्छ र पारदर्शी हुनुपर्छ,' ओलीले भनेका थिए।

प्रधानमन्त्री ओलीले निर्देशन दिएलगत्तै गृह मन्त्रालयले कानुनविपरीत सरकारी सुविधा लिँदै आएका बहालवाला तथा सेवानिवृत्त पदाधिकारीका सम्बन्धमा बिहीबारदेखि छानबिन थालेको छ। गृहले सरोकारवाला मन्त्रालय र निकायलाई बिहीबार पत्र पठाएर सरकारी सेवासुविधा दुरूपयोग गर्ने पदाधिकारीको नाम पठाउन निर्देश गरेको छ।

> प्रधानमन्त्री केपी शर्मा ओलीले बहालवाला तथा सेवानिवृत्त पदाधिकारीले कानुनविपरीत प्रयोग गर्दै आएको सुविधा सात दिनभित्र फिर्ता गर्न निर्देशन दिएलगत्तै गृहले छानबिन अघि बढायो ।

'प्रधानमन्त्रीज्यूको निर्देशनअनुसार हामीले छानबिन अघि बढाइसकेका छौं। पहिला क-कसले नियमविपरीत सेवासुविधा लिएका छन् तथ्यांक संकलन गर्छौं, त्यसपछि त्यस्तो सेवासुविधा फिर्ता गर्छौं,' गृह मन्त्रालयका प्रवक्ता रामकृष्ण सुवेदीले भने। केही बहालवाला तथा सेवानिवृत्त पदाधिकारीले खासगरी सवारीसाधन, सवारीचालक, सुरक्षाकर्मी, इन्धनलगायतका सुविधा कानुनले दिएभन्दा बढी प्रयोग गरेको गुनासो आएको प्रवक्ता सुवेदीले बताए।

बाँकी पृष्ठ ४

चिनियाँ जहाजलाई बोइङ ७६७ को ठक्कर

वायुसेवा निगमको ९एन-एकेयू जहाज।

सुशील भट्टराई

काठमाडौं, चैत ८

नेपाल वायुसेवा निगमले एक महिनाअघि दुई थान नयाँ चिनियाँ जहाज ल्याए पनि उडाउन सकेको छैन। आएदेखि 'घाममा सेकाएर' राखिएका ती जहाजमाथि थप विपत्ति आइलागेको छ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आफ्नै 'ह्यांगर' छेउ रहेका ती दुईमध्ये एक जहाजमा विदेशबाट आएको 'बी ७६७' सिरिजको ठूलो (वाइड बडी) आकारको जहाजले ठक्कर दिएको थियो। 'यसै पनि घाम तापिरहेको जहाज, त्यसमाथि ठूलो जहाजले ठक्कर दिएपछि अब कति महिना थन्किने हो, ठेगान छैन,' निगमका एक उच्च अधिकारीले बिहीबार नागरिकसँग भने, 'एउटा जहाज ठक्करपछि थन्किएको छ भने अर्को नयाँ जहाज निगमकै इन्जिनियरको लापरबाहीले थन्किन पुगेको छ।'

निगमसँग रहेको 'वाई१२-ई' सिरिजको कलसाइन '९एन-एकेभी' भएको जहाजको पुच्छरमा संयुक्त राष्ट्रसंघको साढे २ सयभन्दा बढी सिट क्षमताको बी ७६७ जहाजले ठक्कर दिएको थियो। यो एक साताअघिको घटना हो। त्यसैगरी यही सिरिजको कलसाइन '९एन-एकेयू' भएको अर्को जहाज ह्यांगरमा बडी घुमाउँदा नाकपट्टिको भाग चर्किएपछि थन्किएको छ। निगम व्यवस्थापनले दुवै घटना गुपचुप राखेको छ।

'राष्ट्रसंघको बोइङलाई सानो गाडीले तानेर ल्याउने क्रममा उसको पखेटाले चिनियाँ जहाजको पुच्छरमा रहेको 'रडर' मा ठक्कर दियो,' ती अधिकारीले भने, 'क्षति सामान्य देखिए पनि सामान नै फेर्नुपर्ने भयो, चीनबाट सामान मगाइएको छ।'

उनका अनुसार चिनियाँ जहाजको रडरका केही सामान फेर्नुपर्ने भएको छ। चीनबाट सामान आउने क्रममा छ। राष्ट्रसंघको जहाजले ठक्कर दिएको विषयमा छानबिन भइरहेको छ। 'दुवै नयाँ चिनियाँ जहाज उडानमा थिए भने मर्मत पनि चाँडै भइसक्थ्यो होला,' ती अधिकारीले भने, 'तर काठमाडौं आएदेखि एकपटक पनि नउडेका जहाज मर्मत गर्न त्यति हतार गरेको देखिएन।'

बाँकी पृष्ठ ४